# निर्वाचनलाई आतंक र हिंसा मुक्त बनाउँन अपिल

२०७४ मंसिर २७ गते

केन्द्रीय तथा प्रान्तीय चुनाबका प्रचार-प्रसारमा रहेको अवस्थामा नेकपा माओवादीका उम्मेद्वारप्रति लक्षित गरी पृथक-पृथक स्थानमा भएका पटक-पटकका आक्रमण तथा एम्बुस बिस्फोटन घट्नाप्रति मानवअधिकार समुदायले यसको घोर निन्दा तथा भर्सना गर्दछ ।

निर्वाचन मुलुकको लोकतन्त्रको मेरुदण्ड हो । निर्वाचनमा नागरिकको मतदान गर्ने र उम्मेद्वार हुने प्रकृयालाई विथोल्ने एवं डर-त्रासको फैलाउँने कार्य लोकतन्त्रका विराधि गतिविधि हुन् । यसबाट पुनरुत्थानवादी र गैर लोकतान्त्रिक शक्तिले प्रश्रय पाउँने निश्चित छ । त्यसैले यस्ता गैरजिम्मेवारी कार्य तत्काल बंद गर्न संबन्धित पक्षलाई हामी तपसिल अधिकारकर्मी जोदार आग्रह गर्दछौं ।

यस प्रकारका कृयाकलापबाट नागरिकको शान्तिपूर्ण वातावरणमा निर्वाचनमा भाग लिन पाउँने नैसर्गिक अधिकार उलंघन हुनेछ । यो राष्ट्र संघले जारी गरेको विश्व मानव अधिकारको घोषणापत्र १९४८, नेपाल पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार महासन्धि, मानवअधिकारका आधारभुत मुल्यमान्यता र नेपालको संविधान विपरित छ ।

त्यसैले संबन्धित पक्षले मानव अधिकारको सम्मन गर्न र नागरिकको शान्तिपुर्ण वातावरणमा चुनाबमा भाग लिन पाउँने अधिकारबाट बंचित नगर्न अपिल गर्दछौं ।

साथै नेपाल सरकारले निर्वाचनमा भाग लिएका उमेद्वारहरुको सुरक्षाको सुनिश्चित गर्दै भयमुक्त वातावरणमा आममतदाताले निर्वाचनमा भाग लिन पाउँने अधिकार सुनिश्चित गर्न जोडदार माग गर्दछौं ।

१. चरण प्रसाई २. कपिल श्रेष्ठ ३. सुबोधराज प्याकुरेल ४. कनकमणि दिक्षित ५. प्रदिप पोखेल ६. राजन कुईकेल ७. सूर्यबहादुर अधिकारी ८. ईन्द्र अर्याल ९. बाबुराम गिरी १०. बिष्णुपुकार श्रेष्ठ ११. भवानी खरेल १२. लिली थापा १३. सुमन अधिकारी १४. गणेश मंडल १५. सरीता गौतम १६. गिता नेऊपाने १७. पुष्पराज पौडेल १८. शिव विसंखेका तर्फबाट

चरण प्रसाई
९८५१०४२६८१